नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य सेवा विभाग
आपूर्ति व्यवस्था महाशाखा
टेकु, काठमाडौं
फोन : ४२६१७३८ फ्याक्स ४२६१४१३

नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

# पुराना सवारी साधन (मोटर,मोटरसाइकल), कम्प्युटर, फोटोकपी मेशिन, प्रिण्टर, यु.पि.एस., कार्यालय सामान, फर्निचर तथा अन्य सामानहरु लिलाम बिक्री सम्बन्धी

## बोल-पत्र फाराम

आ.व. २०७३/०७४

निर्देशक

नेपाल सरकार

स्वास्थ्य मन्त्रालय

स्वास्थ्य सेवा विभाग

आपूर्ति व्यवस्था महाशाखा

## पुराना मालसामान लिलामको बिक्रीका लागि बोलपत्र आह्वानको सूचना

**प्रथमपटक प्रकाशित मिति: २०७४।०३।२१**

यस स्वास्थ्य सेवा विभाग, आपूर्ति व्यवस्था महाशाखामा रहेका पुराना सवारी साधन (मोटर,मोटरसाइकल) कम्प्युटर, फोटोकपी मेशिन, प्रिण्टर, यु.पि.एस., कार्यालय सामान, फर्निचर तथा अन्य सामानहरु जे जस्तो अवस्थामा रहेका छन् सोही अवस्थामा बोलपत्रको माध्यमद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट निम्न शर्तहरूको अधिनमा रही सिलबन्दी बोलपत्र आह्वान गरिन्छ ।

१. **मालसामानको विवरण**

| लिलाम हुने मालसामानको विवरण | न्यूनतम मूल्य | कैफियत |
|---|---|---|
| १. सवारी साधन (मोटर ९ वटा, मोटरसाइकल ४ वटा तथा मर्मत पश्चात् फिर्ता प्राप्त पुराना पार्टपुर्जा तथा टायर ट्युव आदि | ६,५७,४७०।- | नामसारी तथा स्वामित्व हस्तान्तरण नहुने |
| २. कम्प्युटर फोटोकपी मेशिन, प्रिण्टर, युपिएस, कार्यालय सामान, फर्निचर तथा अन्य मालसामानहरु | ३९,१६७।- | |
| जम्मा | ६,९६,६३७।- | |

२. यस सम्बन्धमा कुनै जानकारी लिन परेमा वा विभिन्न सवारी साधन लगायत अन्य सामानहरु जे जस्तो अवस्थामा छन् हेर्न चाहेमा कार्यालय समयभित्र स्वा.से.वि. आपूर्ति व्यवस्था महाशाखाबाट आवश्यक जानकारी लिन वा हेर्न सकिनेछ ।

३. इच्छुक बोलपत्रदाताहरूले **मिति २०७४।४।११** कार्यालय समयभित्र फिर्ता नहुने गरी रु १,०००।- (एक हजार) रुपैयाँ राष्ट्रिय बाणिज्य बैंक, टेकु शाखाको राजश्व शिर्षक नं. १४२२७, कार्यालय कोर्ड २७-३७०-११, बैंक खाता नं. १-१-००१ मा जम्मा गरेको रसिद सहित लिखित निवेदनको साथमा बोलपत्रदाताको फर्म वा कम्पनीको हकमा इजाजत पत्रको प्रमाणित प्रतिलिपि तथा इच्छुक व्यक्ति भएमा नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरू संलग्न राखी पेश गर्नुपर्नेछ ।

४. बोलपत्र **मिति २०७४।४।१२ गते** दिनको १२:०० बजेभित्र यस कार्यालयमा दर्ता गराइ सक्नुपर्नेछ ।

५. प्राप्त भएका बोलपत्रहरू **मिति २०७४।४।१२ गते** दिनको १:०० बजे उपस्थित भएका बोलपत्रदाता वा निजको प्रतिनिधिहरूको रोहवरमा यस कार्यालयमा खोलिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएको कारणले मात्र बोलपत्र खोल्न बाधा पर्नेछैन ।

६. बोलपत्रदाताले बोलपत्रसाथ जमानतवापत आफूले कबोल गरेको दररेट अनुसारले हुन आउने कुल रकमको १०% (दश प्रतिशत) रकम यस विभागको राष्ट्रिय वाणिज्य बैंक, टेकु शाखामा रहेको धरौटी खाता नं. १७००२०३ मा नगद जम्मा गरी त्यसको सक्कल बैंक भौचर वा यस विभागको नाममा जारी भएको कम्तिमा ९० दिन म्याद भएको बोलपत्र जमानत (विड वण्ड) संलग्न हुनुपर्नेछ ।

७. बोलपत्रदाताले बोलपत्र भर्दा समूहगत रुपमा नै भर्नुपर्नेछ । यस बोलपत्रभित्र रहेका २ वटा समूहमध्ये एउटा समूह मात्र पनि भर्न सकिनेछ । बोलपत्र स्वीकृत गर्दा समूहगत रुपमा नै सवैभन्दा अधिकतम मूल्यांकित, सारभूत रुपमा प्रभावग्राही बोलपत्रलाई स्वीकृत गरिनेछ ।

८. बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन विदा परेको खण्डमा त्यसको लगत्तै कार्यालय खुलेको दिन बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोलिने छ ।

९. बोलपत्रदाताले बोलपत्र फाराम भर्दा राम्ररी अध्ययन गरी सच्याएको ठाउँमा र प्रत्येक पानामा आफूले हस्ताक्षर गरी आफ्नो फर्मको छापसमेत लगाउनु पर्नेछ ।

१०. कुनै पनि कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस विभागमा सुरक्षित रहनेछ ।

११. लिलाम सकार गर्ने व्यक्ति, फर्म वा कम्पनीले कुल कवोल अंक वरावरको नगद रकम राष्ट्रिय वाणिज्य बैंक टेकु शाखा स्थित यस विभागको राजश्व खाता नं. १-४-२-१-२ कार्यालय कोड नं. २७-३७०-११ मा जम्मा गरी संझौता गरेको मितिले १५ दिनभित्र सकार गरेका मालसामानहरु आफ्नै तर्फबाट ढुवानी गरी उठाई लैजानु पर्नेछ ।

१२. यस बोलपत्रमा उल्लेख नभएका अन्य कुराहरुको हकमा प्रचलित ऐन नियमानुसार हुनेछ ।

नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

निर्देशक

**बोलपत्रदाता फर्म/व्यक्तिले भर्नुपर्ने विवरणहरू**

१. बोलपत्रदाता फर्म/कम्पनी/व्यक्तिको नाम ....................................................

२. प्रोपाइटर वा मुख्य कारोबार गर्ने व्यक्ति ...........................................

३. बोलपत्रसाथ संलग्न कागजात

क. फर्म नवीकरण भएको इजाजत ...........................

ख. नागरिकता .........................

४. जमानतबापतको राष्ट्रिय वाणिज्य बैंक, टेकु शाखामा जम्मा गरेको रकम रु. ..................... अक्षरेपि ............ ........ ..........................................................................

५. बोलपत्र पेश गरेको मितिः .....................................................

६. फर्म /व्यक्तिको तर्फबाट बोलपत्र प्रयोजनका लागि कुनै प्रतिनिधि नियुक्ति गरेको भए त्यसको विवरण र संलग्न कागजात ....................................................

७. बोलपत्र फाराममा उल्लेख भएअनुरूपका सामानहरू हेरी बोलपत्र स्वीकृत भएमा लिन मञ्जुर छु। (साथै न्यूनतम मूल्यभन्दा कम मूल्य कायम गरिएको बोलपत्र स्वीकार गरिने छैन भन्ने शर्त स्वीकार्य छ)।

८. बोलपत्रको शर्त तोडिएमा बोलपत्र साथ पेश गरेको धरौटी जफत भएमा पछि कुनै दाबी गर्ने छैन।

९. बोलपत्र स्वीकृत भएपछि कबोल गरेको कुल मूल्य तिरी तोकिएको समयभित्र सामान उठाउनेछु। समयमा नउठाई जमानत जफत भएमा पछि कुनै दाबी गर्ने छैन।

१०. कुनै पनि कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस विभागमा सुरक्षित रहनेछ भन्ने शर्त स्वीकार्य छ।

निरीक्षक

**बोलपत्रसम्बन्धी शर्तहरू**

१. बोलपत्र फाराम राष्ट्रिय वाणिज्य बैंक, टेकु शाखाको राजश्व शिर्षक नं. १४२२७, कार्यालय कोड २७-३७०-११, बैंक खाता नं. १-१-००१ मा रु. १,०००।- (अक्षरुपी एक हजार रुपैयाँ मात्र) फिर्ता नहुने गरी बुझाएको रसिद पेश गरेपछि भण्डार शाखाबाट उपलब्ध हुनेछ ।

२. यस महाशाखाबाट बिक्री भएको बोलपत्र फाराममा कार्यालयको छाप र कार्यालय प्रमुखको दस्तखत भएको हुनुपर्नेछ ।

३. बोलपत्र फाराम **मिति २०७४।४।११** कार्यालय समयभित्र खरिद गरिसक्नुपर्नेछ । सिलबन्दी बोलपत्रफाराम **मिति २०७४।४।१२ गते** दिनको १२:०० बजेभित्र स्वा.से.वि. आपूर्ति व्यवस्था महाशाखामा दाखिला गरिसक्नुपर्नेछ र सोही दिन दिनको १:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस महाशाखामा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन विदा परेमा कार्यालय खुलेको दिन सोही समयमा उपरोक्तानुसारको कार्य हुनेछ ।

४. बोलपत्रसाथ जमानतबापत आफूले कबोल गरेको दररेट अनुसारले हुन आउने कुल रकमको १०% (दश प्रतिशत) रकम यस विभागको राष्ट्रिय वाणिज्य बैंक, टेकु शाखामा रहेको धरौटी खाता नं. १७००२०३ मा नगद जम्मा गरी त्यसको सक्कल बैंक भौचर वा यस विभागको नाममा जारी भएको कम्तिमा ९० दिन म्याद भएको (बोलपत्र बुझाउने अन्तिम मितिवाट) बोलपत्र जमानत ( विड वण्ड) संलग्न हुनुपर्नेछ ।

५. बोलपत्रदाताले स्पष्ट रूपमा प्रोपाइटर, कारोबार गर्ने मुख्य व्यक्ति, कारोबार गर्ने मुख्य स्थल वा पसल, फोन आदि सबै कुराको जानकारी उपलब्ध गराउनुपर्नेछ ।

६. बोलपत्र फाराममा कबोल रकम स्पष्ट अंक र अक्षरमा किटान गरी खुलाउनुपर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिइनेछ ।

७. स्वीकृत बोलपत्रदाताले सकारेको सम्पूर्ण जिन्सी सामानहरू संझौता भएको मितिले १५ (पन्ध्र) दिनभित्र कबोल गरेको पूरा रकम बुझाई कार्यालय प्रशासनले देखाएको ठाउँबाट जे जस्तो अवस्थामा छ सोही अवस्थामा उठाई लैजानुपर्नेछ । कवोलवालाले तोकिएको समयभित्र नउठाएमा निजको जमानत वापत राखेको धरौटी रकम जफत गरी दोस्रो बढी वालालाई निजले सकार गरेको पूरा रकम जम्मा गर्न लगाई लिलामका सामानहरु दिन सकिनेछ ।

८. दुई वा दुई भन्दा बढी बोलपत्रदाताहरुले संयुक्त रुपमा बोलपत्र दर्ता गरेमा आपसी साझेदारीको संझौता पत्र (Joint Venture) को कागजात अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । अन्यथा त्यस्ता बोलपत्रलाई मान्यता दिइने छैन ।

९. लिलाम गरिने मालसामानको न्यूनतम मूल्य दुई समूहको गरी रु. ६,९६,६३७।- (अक्षरेपी: छ लाख छयानब्बे हजार छ सय सैतीस रुपैयाँ मात्र) कायम गरिएको छ । बोलपत्रदाताले यसै रकमलाई न्यूनतम मानी बोल कबोल गर्नुपर्नेछ ।

१०. कार्यालयलाई आर्थिक दायित्व पर्नेगरी कुनै पनि शर्तहरू मान्य हुने छैन ।

११. नियमानुसार लाग्ने सम्पूर्ण करहरू बोलपत्रदाता आफैंले व्यहोर्नुपर्नेछ ।



निर्देशक

१२. कुनै पनि कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस विभागमा सुरक्षित रहनेछ ।

१३. यसमा छुट भएका कुराहरू आर्थिक कार्यविधि नियमावली २०६४ तथा प्रचलित ऐन नियमानुसार हुनेछ ।

नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

निर्देशक

**लिलाम हुने पुराना सामानहरू (सवारी साधन, (मोटर, मोटरसाइकल, कम्प्युटर, फोटोकपी मेशिन, प्रिण्टर, यु.पि.एस., कार्यालय सामान, फर्निचर तथा अन्य सामानहरु) को लिलाम बिक्रीसम्बन्धी बोल-पत्र फाराम**

| सि.नं. | विवरण/किसिम | सामान भएको स्थान | न्यूनतम मूल्य | कबोल रकम अंकमा | अक्षरमा | धरौटी रकम (१० प्रतिशत) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | सवारी साधन (मोटर ९ वटा, मोटरसाइकल ४ वटा तथा मर्मत पश्चात् फिर्ता प्राप्त पुराना पार्टपुर्जा तथा टायर ट्युव आदि | केन्द्रीय स्टोर, टेकु | ६,५७,४७०।- | | | | कुनै पनि सवारी साधनहरुको नामसारी तथा स्वामित्व हस्तान्तरण नहुने |
| २. | कम्प्युटर फोटोकपी मेशिन, प्रिण्टर, युपिएस, कार्यालय सामान, फर्निचर तथा अन्य मालसामानहरु | केन्द्रीय स्टोर, टेकु | ३९,१६७।- | | | | |
| जम्मा | | | ६,९६,६३७।- | | | | |

उपरोक्त अनुसार बोलपत्र डकुमेण्टमा उल्लेखित सम्पूर्ण शर्तहरू हामीले/मैले दिएको विवरणहरू पूर्णरूपले पालना गर्न मन्जुर गरेका छौं/छु तथा बोलपत्रमा उल्लेख भएका विरणहरू ठीक साँचो हो यसमा फरक पर्नेछैन । झुटा विवरण दिएको खण्डमा र उल्लेखित शर्तहरू पूर्णरूपले पालना नगरेमा वा उल्लंघन गरेको खण्डमा ऐन नियम कानुनवमोजिम सजाय भोग्न तयार छौं/छु ।

**बोलपत्रदाताको नाम :**

**बोलपत्र पेश गर्ने व्यक्ति वा फर्मको नाम :** फोन नं.:

**फर्मको छाप :** मिति :

नेपाल सरकार

स्वास्थ्य मन्त्रालय

**स्वास्थ्य सेवा विभाग**

**आपूर्ति व्यवस्था महाशाखा**

**टेकु, काठमाडौं ।**

# सम्झौता

वि. सं. २०७४। । गतेका दिन नेपाल सरकार, ....................... (जसलाई कार्यालय भनेर सम्बोधन गरिनेछ) र .................................................................. (जसलाई ठेकेदार भनेर सम्बोधन गरिनेछ) बीच पुराना (फर्निचर, अफिस सामान, सवारीसाधन) सामानहरू जहाँ, जे जस्तो अवस्थामा रहेका छन् सोही अवस्थामा उठाई लैजाने सम्बन्धमा भएको बोलपत्र स्वा.से.वि.को मिति २०...। । को निर्णयानुसार स्वीकृत भएबमोजिम सो कार्य सम्पन्न गर्न यो ठेक्का सम्झौता गरिएको छ ।

१. प्रस्तुत सम्झौताको ग्राह्य अवधि १५ (पन्ध्र) दिनको हुनेछ ।

२. ठेकेदारले सामानहरू जहाँ जे जस्तो अवस्थामा छन् सोही अवस्थामा तोकिएको समयभित्र उठाई लैजानुपर्नेछ ।

३. सामानहरूको लोड अनलोडसम्बन्धी सम्पूर्ण खर्च ठेकेदार आफैंले व्यहोर्नुपर्नेछ ।

४. सम्पूर्ण करहरू ठेकेदार स्वयंले नै व्यहोर्नुपर्नेछ । कुनै पनि करबापत् तिरेको रकमको शोधभर्ना यस स्वास्थ्य सेवा विभागबाट दिइनेछैन ।

५. लिलाम बिक्रीका लागि छुट्याइएका सम्पूर्ण सामग्रीहरू कार्यालय समयमा ठेकेदारले उठाई लैजानु पर्नेछ । कार्यालयले पनि कार्यालय समयभित्र ठेकेदारलाई लिलाम स्वीकार गरिएका सामान उपलब्ध गराउनुपर्नेछ ।

६. लिलाममा समावेश भई सकार गरिएका सवारी साधनहरु (मोटर, मोटरसाइकल) को नामसारी तथा स्वामित्व हस्तान्तरण नहुने गरी दिइने छ । सकारवालाले यसरी सकार गरिएका सवारी साधनहरु कवाडीको रुपमा मात्र प्रयोग गर्नेछन् ।

७. यसमा उल्लेख भएका बाहेक अन्य कुराको हकमा नेपाल सरकारको प्रचलित ऐन, नियमअनुरूप कारबाही हुने कुरामा ठेकेदार मन्जुर गर्दछ ।

.....................................................

ठेकेदारको तर्फबाट सही छाप गर्ने

नाम :

पद :

मिति :

छाप :

.....................................................

कार्यालयको तर्फबाट सही छाप गर्ने

नाम :

पद :

मिति :

छाप :

साक्षी रोहवर :

१.

२.

३

स्वास्थ्य मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

निर्देशक

## लिलाममा समावेश सवारी साधन तथा मर्मत पश्चात् फिर्ता प्राप्त गाडीका पार्टपुर्जा, टायर ट्युव

| क्र.सं. | माल सामानको नाम | स्पेसिफिकेसन |
|---|---|---|
| १ | बा १ ब २४५५ | होण्डा एक्स.एल.१२५ |
| २ | बा १ ग ६९८ | टाटा ट्रक |
| ३ | बा १ ग ८२० | टाटा ट्रक |
| ४ | बा १ ब ६८३१ | मोटर साईकल |
| ५ | बा १ ब २१५५ | यामाहा DT मोटर साईकल |
| ६ | 66-1-1106 | महेन्द्रा जीप |
| ७ | बा १ झ ८२५२ | माइक्रो बस भँक्स वाइगन |
| ८ | बा १ झ ४०३१ | जीप जीप्सी |
| ९ | बा १ झ ३४८५ | टोयोटा जीप |
| १० | बा १ ग ६९९ | टाटा ट्रक |
| ११ | बा १ झ ८३६४ | महेन्द्रा एम्बुलेन्स |
| १२ | बा १ झ ३३६६ | टोयोटा ल्याण्डक्रुजर जीप |
| १३ | ६६-१-११५२ | यामाहा मोटरसाइकल |
| १४ | - | मर्मत पश्चात् फिर्ता प्राप्त गाडीका पुराना पार्टपूर्जाहरु, टायर ट्युवहरु |

नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

निर्देशक